नेपाल सरकार
उद्योग मन्त्रालय
घरेलु तथा साना उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौं
प्रशासन शाखा

फोन ४२५९८४२, ४२५९८४६, ४२५९८५५, ४२५९८७५
फ्याक्स नं.: ४२५९७४७
पो. ब. नं.: १०७०१

पत्र संख्या : २०७४/७५
च.न. ६९

मितिः २०७४/०४/१२

**विषय** : अधिकार प्रत्यायोजन सहित कार्य जिम्मेवारी तोकेको ।

श्री प्रमुख उद्योग अधिकृत, महानगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा,
काठमाडौं/ भरतपुर, चितवन / पोखरा लेखनाथ, कास्की / विराटनगर, मोरङ/वीरगञ्ज, पर्सा/ ललितपुर ।

श्री प्रमुख उद्योग अधिकृत, उपमहानगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा,
नेपालगञ्ज, बाँके/इटहरी, सुनसरी/जनकपुर, धनुषा/ हेटौडा, मकवानपुर/घोराही, दाङ/ धनगढी, कैलाली ।

श्री प्रमुख उद्योग अधिकृत, नगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा, सिद्धार्थनगर, रुपन्देही ।

श्री उद्योग अधिकृत, नगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा,
भद्रपुर, झापा / राजविराज, सप्तरी/ लाहान, सिराहा/ जलेश्वर, महोत्तरी/ धुलिखेल, काभ्रेपलाञ्चोक/ भक्तपुर/ रामग्राम, नवलपरासी/ तानसेन, पाल्पा/ गुलरिया, बर्दिया/ भिमदत्त, कञ्चनपुर/ गौर, रौतहट/ कलैया, बारा/ मलंगवा, सर्लाही/ कपिलवस्तु/ फुङलिङ ताप्लेजुङ/ फिदिम, पाँचथर/ इलाम/ खाँदवारी, संखुवासभा/ भोजपुर/ म्याङलुङ, तेह्रथुम/ धनकुटा/सोलु दुधकुण्ड, सोलुखुम्बु/ सिद्धिचरण, ओखलढुङ्गा/ रुपाकोट मझुवागडी, खोटाङ/ महाकाली, दार्चुला/ अमरगढी, डडेलधुरा/ दशरथचन्द, बैतडी/ वडिमालिका, वाजुरा/ जयपृथ्वी, वझाङ्ग/ मंगलसेन, अछाम/ दिपायल सिलगढी, डोटी/ नारायण, दैलेख/ भेरी, जाजरकोट/ विरेन्द्रनगर, सुर्खेत/ ठुलीभेरी, डोल्पा/ खाडाँचक्र, कालिकोट/ छायाँनाथरारा, मुगु/ सिमिकोट, हुम्ला/ चन्दनाथ, जुम्ला/ रोल्पा/ मुसिकोट, रुकुम/ शारदा, सल्यान/ प्युठान/ सन्धिखर्क, अर्घाखाची/ रेसुङ्गा, गुल्मी/ बेनी, म्याग्दी/ कुस्मा, पर्वत/ बाग्लुङ/ पुतलीवजार, स्याङ्जा/ गोरखा/ वेसीसहर, लम्जुङ/ व्यास, तनँहु/ निलकण्ठ, धादिङ/ विदुर, नुवाकोट/ मन्थली, रामेछाप/ चौतारा साँगाचोकगढी, सिन्धुपाल्चोक/ कमलामाई, सिन्धुली/ भिमेश्वर, दोलखा/ त्रियुगा, उदयपुर ।

श्री गाँउ कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा, गोसाईकुण्ड, रसुवा/ घरपझोङ्ग, मुस्ताङ/ चामे, मनाङ्ग ।

नेपालको संविधान बमोजिम नेपाल सरकार (म.प.) बाट मिति २०७३/१०/१८ मा स्वीकृत कार्य विस्तृतिकरण प्रतिवेदन तथा मिति २०७३/११/९ मा स्वीकृत स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश अनुसार घरेलु तथा साना उद्योग कार्यालयहरु समेत सम्बन्धित स्थानीय तहमा हस्तान्तरणको लागि स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन सम्बन्धी आदेश २०७४ जारी भएको र उक्त व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकार ( सचिवस्तर) को मिति २०७४/०३/०७ र १४ को निर्णयानुसार जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय/समितिका कार्यालय र कर्मचारीहरु समेत सम्बन्धित स्थानीय तह मातहत उद्योग विकास शाखामा रही कामकाज गर्ने व्यवस्था भएको व्यहोरा विदितै छ ।

परिवर्तित परिवेश अनुसार अर्को व्यवस्था नभएसम्म जिल्ला भित्रका अन्य स्थानीय तह अन्तर्गत समेत उद्योग प्रशासन र प्रवर्धन सम्बन्धी कार्य गर्नुपर्ने भएकोले तहांबाट सेवाग्राहीहरुका लागि प्रवाह गरिने उद्योग दर्ता तथा नियमन सम्बन्धी सेवा कार्यहरु गुणस्तरीय, छिटो छरितो एवं मितव्ययी ढङ्गबाट सम्पादन गरी औद्योगिक सुशासन कायम गराउन सकियोस



उपनिर्देशक

भन्ने हेतुले औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५१ को उपदफा (२), प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली २०३४ को नियम ६ (२) साझेदारी फर्म रजिष्ट्रेशन ऐन, २०२० र सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २२ बमोजिम प्रचलित कानुनको अधिनमा रही तपाईलाई तपसील बमोजिम अधिकार प्रत्यायोजन गरेको छु । आफूलाई प्राप्त अधिकार र कर्तव्य स्थानिय सरकारसंगको समन्वयमा कानून र सामाजिक सदाचारका मान्यता बमोजिम प्रयोग र पालना गरि सम्पादित कार्यको आवधिक प्रगति विवरण यस विभागमा नियमित रुपमा पठाउनु हुन अनुरोध छ । साथै, नेपाल सरकार (सचिवस्तर)को मिति २०७४/०४/०४ र २०७४/०४/०६ को निर्णय समेतको आधारमा अधिकार प्रत्यायोजन, कार्यक्षेत्र, कार्यपद्धती र थप निर्देशनहरु पठाइएको हुंदा सोहि अनुसार कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध छ ।

तपसील

१ औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ७ अनुसूचि १ मा उल्लेखित इजाजत लिनुपर्ने उद्योगहरु र वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ (संशोधन सहित) को अनुसूचि १ र २ मा उल्लेखित IEE र EIA प्रतिवेदन स्वीकृत गराउनु पर्ने उद्योगहरु बाहेकका बढीमा कूल पूँजी रु. ५ (पाँच) करोडसम्म रकम लगानी हुने उद्योग व्यवसायहरुको दर्ता, नवीकरण, नामसारी, पूँजी तथा क्षमता वृद्धि, उद्देश्य संशोधन, सोही जिल्लाभित्र ठाउँसारी गर्ने, शाखा विस्तार सम्बन्धी उद्योग प्रशासन र नियमनका कार्यहरु समेत प्रचलित कानूनको अधिनमा रही सम्पादन गर्ने ।

२. प्रकरण १ मा उल्लेख भएका उद्योग व्यवसायहरु बाहेक अन्य घरेलु तथा साना उद्योगहरुको दर्ता नवीकरण नामसारी, पूजी वृद्धि, उद्देश्य संशोधन, ठाउँसारी र शाखा विस्तार सम्बन्धी कार्यका लागि आवश्यक कागजात, निरिक्षण प्रतिवेदन र कार्यालय/शाखाको राय सिफारिस साथ यस विभागमा पेश गर्ने ।

३ लघु, घरेलु तथा साना उद्योग स्थापनार्थ अनुमति लिनुपर्ने एवं IEE/EIA गर्नुपर्ने उद्योगहरुको हकमा प्रारम्भिक प्रक्रिया पुरा गरि सिफारिश सहित विभागमा पेश गर्ने ।

४ विभागीय स्वीकृति प्राप्त भई वा आफुलाई प्रत्यायोजित अधिकारको सीमा भित्र रही दर्ता भएका उद्योग व्यवसाय, प्राईभेट फर्म र साझेदारी फर्महरुको अनुगमन, निरीक्षण तथा नियमनका कार्यहरु नियमित रुपमा सम्पादन गर्ने ।

५ प्रचलित कानुनको वर्खिलाप हुने गरी स्थापना वा संचालन गर्ने, अनुमति वा दर्ता प्रमाण पत्रमा उल्लेखित शर्त मापदण्डहरु पालना नगर्ने, झुट्टा विवरण पेश गर्ने वा माग गरिएको विवरण पेश नगर्ने उद्योग व्यवसाय उपर नियमनका लागि आकर्षित हुने कानुनहरु औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ४१ वा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन,२०१४ को दफा ८ वा साझेदारी ऐन, २०२० को दफा ४१ अनुसार दण्ड सजायको लागि आवश्यक पुष्ट्याँई तथा शाखाको राय, सिफारिस साथ यस विभागमा पेश गर्ने ।

६ विभागीय स्वीकृति प्राप्त भएका वा आफूलाई प्रत्यायोजित अधिकार सीमा भित्र पर्ने भएका कुल पुंजी र एक करोड भन्दा बढी रकम लगानी हुने उद्योग व्यवसायको दर्ताका लागि सम्बन्धित उद्योगी व्यवसायीबाट निजको निवेदन साथ तपसिलमा उल्लेख भए बमोजिम विस्तृत परियोजना प्रस्ताव (Detail Project Scheme) शाखामा प्राप्त हुन आएपछि आवश्यक जाँच, परिक्षण, विश्लेषण गरी नियमानुसार उद्योग दर्ता सम्बन्धी कार्य माथि प्रकरण १ र २ मा उल्लेख भए बमोजिमको रित पूरा गरी सम्पादन गर्ने ।

**विस्तृत परियोजना प्रस्ताव (Detail Project Scheme) मा उल्लेख हुनु पर्ने विवरणहरु :**

1. Project Highlight.
2. Fixed Asset Investment.
3. Annual Operating Cost.
    3.1. Fixed Operating Cost.
    3.2. Variable Operating Cost.
4. Working Capital.
5. Sales Revenue.

नेपाल सरकार
उद्योग मन्त्रालय
घरेलु तथा साना उद्योग विभाग

महानिर्देशक

6. Financial Appraisal.
7. Machinery, Equipment and Spare Parts.

७ शाखाबाट जारी गरिने प्रमाणपत्रहरु साविक बमोजिम नै तयार गरी शीर्ष स्थानमा विभागको नाम राख्ने ( साविकमा कार्यालयको समेत नाम लेख्ने गरिएकोमा अब उप्रान्त नराख्ने) तथा प्रमाणपत्रको तल बांया तर्फको अन्त्यमा "जारी गर्ने कार्यालय र मिति" वाक्यांश थप गरि शाखाको नाम र छाप प्रयोग गर्ने ।

८ औद्योगिक व्यवसाय ऐन, २०७३ वमोजिम लघु उद्यम अन्तर्गत पर्ने उद्योगहरु दर्ता गर्दा दर्ता दस्तुर नलाग्ने र लघु उद्यम व्यवसाय वा कारोबार शुरु गरेको मितिले न्यूनतम पाँच वर्षसम्म आयकर छुट प्राप्त हुने प्रावधान अनुसार लघु उद्यम दर्ता गर्ने ।

लघु उद्यमको परिभाषाः- औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा - १५ (क)
१. घर जग्गा बाहेक बढीमा पाँच लाख रुपैयाँसम्मको स्थिर पूँजी रहेको,
२. उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,
३. उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,
४. वार्षिक कारोवार पँचास लाख रुपैयाँ भन्दा कम रहेको,
५. इन्जिन उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतिय उर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट वा सो भन्दा कम रहेको ।
६. अनुसुचि-१* वमोजिम स्विकृति लिनु पर्ने उद्योगहरु बाहेकका उद्योगहरु ।

* औद्योगिक व्यवसाय ऐन, २०७३ को अनुसूची-१ बमोजिम स्वीकृति लिनुपर्ने उद्योगहरुः
१. हातहतियार, गोलीगठ्ठा, बारुद उत्पादन गर्ने उद्योग,
२. विस्फोटक पदार्थ उत्पादन गर्ने उद्योग,
३. सुरक्षात्मक छपाई (सेक्यूरिटी प्रिन्टिङ्ग) मुद्रा तथा सिक्का उद्योग
४. चुरोट, विँडी, खैनी सिँगार तथा सुर्ती मुख्य कच्चा पदार्थ हुने बस्तु उत्पादन गर्ने उद्योग ।
५. वियर तथा मदिरा उत्पादन गर्ने उद्योग,
६. ढुंगा गिटी, बालुवा उत्खनन्, प्रशोधन गर्ने मझौला तथा ठूला उद्योग,
७. रेडियो सञ्चार उपकरण उत्पादन गर्ने उद्योग,
८.बहुमूल्य खनिज उत्खनन्, पेट्रोलियम पदार्थ उत्खनन्, जस्ता उद्योग,
९.प्रचलित कानुन बमोजिम अनुमति लिनु पर्ने अन्य उद्योग ।

९ उद्योग प्रशासनको अभिलेख, विवरण तथा प्रगति तोकिएको ढाँचामा नियमित (मासिक, चौमासिक, वार्षिक र अन्य तोकिए बमोजिम) रुपमा विभागमा उपलब्ध गराउने ।

कार्यक्षेत्र, कार्यपद्धति

१० अर्को व्यवस्था नभएसम्म तहां सग सम्बन्धित जिल्लाका सवै स्थानीय तहका उद्योग प्रशासन र नियमनका कार्यहरु प्रचलित कानूनको अधिनमा रही यस अधिकार प्रत्यायोजन बमोजिम सञ्चालन गर्ने ।

११ जिल्लास्थित अन्य स्थानीय तहसंग सम्बन्धित उद्योग प्रशासन र नियमनका कार्यहरु सम्बन्धित स्थानीय तहको वडाको सिफारिसका आधारमा सञ्चालन गर्ने ।

१२ अर्को व्यवस्था नभएसम्म उद्योगहरुको दर्ता, नवीकरण तथा उद्योग प्रशासन सम्बन्धी अभिलेखहरु यथावत तरिकाले राख्ने, यसरी अभिलेख राख्दा जिल्ला भित्रका प्रत्येक स्थानिय तहको अलग अलग अभिलेख राख्ने व्यवस्था मिलाउने ।

१३ अर्को व्यवस्था नभएसम्म उद्योग प्रशासन वापत संकलन हुने राजश्व रकम साविक बमोजिमकै राजश्व खातामा जम्मा गर्ने र यसो गर्दा जिल्ला भित्रका प्रत्येक स्थानिय तहको अलग अलग अभिलेख राख्ने व्यवस्था मिलाउने ।

नेपाल सरकार
उद्योग मन्त्रालय
घरेलु तथा साना उद्योग विभाग

१४ शाखाले कार्य सम्पादन गर्ने क्रममा जिल्ला भित्रका अन्य स्थानीय तहमा समेत उद्योग विकास शाखाहरु खुलेर संचालनमा आएपछि विभागको निर्देशन अनुसार माथि वुंदा नं. ११ र १२ अनुसारका अभिलेखहरु सम्बन्धित स्थानीय तह मातहतका उद्योग विकास शाखालाई हस्तान्तरण गर्ने ।

थप निर्देशनहरु

१५ अर्को व्यवस्था नभएसम्म साविकमा गर्दै गरेको कामको अतिरिक्त उद्योग मन्त्रालयको च.नं. ५२, मिति २०७४।०४।०९ को पत्रसाथ प्राप्त संलग्न नमूना कार्यविवरण बमोजिम जिल्लाभरका स्थानिय तहसंग समन्वय गरी कार्यसञ्चालन गर्ने । साथै, उक्त नमूना कार्यविवरण जिल्ला भित्रका सवै स्थानिय तहलाई उपलव्ध गराई हरेक स्थानीय तहमा औचित्य र आवश्यकता अनुरुप छुट्टै उद्योग विकास शाखा खोल्न प्रेरित गरी सहजिकरण गर्ने ।

१६ साविक घरेलु तथा साना उद्योग कार्यालय/समितिका कार्यालयहरुले जिल्लामा सञ्चालन गरी आएका वार्षिक कार्यक्रमहरु तोकिएको स्थानीय तहको हकमा अख्तियारी बमोजिम सञ्चालन गर्ने ।

१७ जिल्ला भित्रका अन्य स्थानीय तहले आफ्नै उद्योग विकास शाखा गठन गरि सञ्चालनमा ल्याउन चाहेमा ती स्थानीय तहका उद्योग विकास शाखाहरुलाई विभागले अधिकार प्रत्यायोजन र अन्य सहयोग गर्न देहाय बमोजिमका कागजातहरु सम्बन्धित स्थानीय तहबाट प्राप्त गरी विभाग/समितिमा उपलब्ध गराउने ।

१७.१ सम्बन्धित स्थानीय तहको बोर्डले उद्योग विकास शाखा खोल्न स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन सहितको प्रस्ताव पत्र,

१७.२ सम्बन्धित स्थानीय तहले उद्योग विकास शाखा सञ्चालन गर्न विभागसंग माग गरेको कर्मचारी, प्राविधिक सहायता सम्बन्धी विवरण,

१७.३ सम्बन्धित स्थानीय तहले उद्योग विकास शाखा सञ्चालन गर्न स्वीकृत गरेको कार्यशर्त (Terms of Reference),

१८ जिल्ला भित्रका अन्य स्थानीय तहले आफ्नै उद्योग विकास शाखा गठन गरि सञ्चालनमा ल्याए पश्चात त्यस्ता नव गठित शाखाहरुलाई जनशक्ति उपलव्ध गराउन तहां शाखामा उपलव्ध भएसम्म त्यहांबाटै जिल्ला कर्मचारी व्यवस्थापन समिति मार्फत र नपुग जनशक्तिको हकमा केन्द्रमा विभाग/समिति समक्ष माग गर्ने व्यवस्था मिलाउने ।

१९ उपभोक्ता हित, जन स्वास्थ्य र वौद्धिक सम्पत्ति संरक्षणका लागि सम्बन्धित व्यवसायी, उद्यमी, सर्जक, उपभोक्ता, स्थानीय सरकार, केन्द्रिय नियामक निकायहरु संग समन्वय, सहकार्य, सहयोग र नियमन गर्ने ।

२० उद्यमशीलता विकास, व्यवसाय सम्बर्धन, प्रविधि विकास र हस्तान्तरण, वातावरण मैत्री उत्पादन, गुणस्तरिय उत्पादन र रोजगारी अभिवृद्धि गर्न स्थानीय सरकार, निजी क्षेत्र, वित्तीय क्षेत्र, प्राज्ञिक क्षेत्र, सर्जक, अनुसन्धानकर्ताहरुसंग सहकार्य, समन्वय, सहजिकरण र सहयोग प्रवर्धन गर्ने ।

(शत्रुघ्न प्रसाद पुडासैनी)
महानिर्देशक

महानिर्देशक

**बोधार्थ :**

श्री उद्योग मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।
श्री घरेलु तथा साना उद्योग विकास समिति, केन्द्रिय कार्यालय,
त्रिपुरेश्वर, काठमाण्डौं ।
श्री महानगर कार्यपालिकाको कार्यालय, (६) ।
श्री उपमहानगर कार्यपालिकाको कार्यालय, (६) ।
श्री नगर कार्यपालिकाको कार्यालय, (६०) ।
श्री गाउं कार्यपालिकाको कार्यालय, (३) ।

नेपाल सरकार
उद्योग मन्त्रालय
घरेलु तथा साना उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौं